| | | | | |
|---|---|---|---|---|
| ५ | श्री भेषराज शर्मा | वडा अध्यक्ष | बुद्धभूमी न.पा. २ | |
| ६ | श्री गोविन्द प्रसाद आचार्य | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ३ | |
| ७ | श्री पवन कुमार थारु | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ४ | |
| ८ | श्री वेचन प्रसाद यादव | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ५ | |
| ९ | श्री नन्दलाल यादव | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ६ | |
| १० | श्री राजेश्वर सिंह | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ७ | |
| ११ | श्री कपिलदेव तिवारी | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ८ | |
| | श्री खुमानन्द न्यौपाने | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ९ | |
| | श्री त्रिलोकी खरविन्द | वडा अध्यक्ष | बुद्धभूमी न.पा. १० | |
| ४ | श्री कमला चौधरी | महिला सदस्य | बुद्धभूमी न.पा. १ | |
| १५ | श्री खिमकला पाण्डे | महिला सदस्य | बुद्धभूमी न.पा. ४ | |
| १६ | श्री प्रभावती लोहार | महिला सदस्य | बुद्धभूमी न.पा. ७ | प्रभावती |
| १७ | श्री विमला देवी कुर्मी | महिला सदस्य | बुद्धभूमी न.पा. ८ | विमला |
| १८ | श्री सरस्वती कुवंर | महिला सदस्य | बुद्धभूमी न.पा. ५ | |
| १९ | श्री फागु प्रसाद धोवी | दलित वा अल्प. स. | बुद्धभूमी न.पा. ५ | |
| २० | श्री राम मनोरथ लोहार | दलित वा अल्प. स. | बुद्धभूमी न.पा. ६ | |

Scanned by CamScanner

प्रस्ताव नं. १. बुद्धभुमी नगरपालिकाको नगर प्रहरी ऐन २०७६ सम्वन्धमा।

निर्णय नगरबासीलाई स्थानीय सरकारको अनुभूती प्रदान गर्नको लागि नगर प्रहरीको गठन, सञ्चालन तथा व्यवस्थापन गर्न अति आवश्यक भएकोले नेपालको संविधान धारा ५७ र २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन-२०७४ को दफा १०२ र १० बमोजिम बुद्धभूमी नगरपालिकाको नगर प्रहरी ऐन-२०७६ विद्येयक समितिबाट प्रस्तुत भएको हुँदा उक्त नगर प्रहरी ऐन-२०७६, कार्यपालिका बैठकबाट पारित गरी आगामी २०७६।०३।०८ गते बस्ने पाँचौ नगरसभामा अनुमोदनको लागि पेश गर्ने निर्णय गरियो।

प्रस्ताव नं. २. बुद्धभुमी न.पा.को सार्वजनिक खरिद नियमावली २०७६ सम्वन्धमा।

निर्णय स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४ ले दिएको अधिक्रर प्रयोग गरी बुद्धभूमी नगरपालिकाको सार्वजनिक खरिद नियमावली-२०७६ तयार गरी विद्येयक समितिबाट पेश भएको हुँदा उक्त खरिद नियमावली-२०७६, पुनः परामर्श छलफल गरी आगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो।

प्रस्ताव नं. ३. आगामी आ.व. २०७६/०७७ को लागि तयार गरिएको नीति तथा कार्यक्रमको मस्यौदा सम्वन्धमा।

निर्णय आगामी आ.व. २०७६/०७७ को लागि प्रस्तावित गरिएको नीति तथा कार्यक्रमको मस्यौदा कार्यपालिका बैठकमा छलफल हुँदा उक्त नीति तथा कार्यक्रममा केही बुदा थप गर्नु पर्ने र केही संशोधन गर्नु पर्ने भएमा लिखित राय, सुझाव सहित आगामी कार्यपालिका बैठक बस्नु भन्दा पूर्व कार्यालयमा उपलब्ध गराई सहयोग गर्ने निर्णय गरियो।

प्रस्ताव नं. ४. आ.व. २०७६/७७ को प्रस्तावित बजेट सम्वन्धमा।

निर्णय यस बुद्धभूमी न.पा.को आ.व. २०७६/७७ का लागि संघ, प्रदेश, जि.स.स. बाट प्राप्त हुने सामनीकरण अनुदान र राजश्व बाडफाड/आन्तरिक आय साथै सर्शत अनुदानको सिलिङगको जानकारी प्राप्त भएकोले तपसिल अनुसारको प्रस्तावित बजेट आजको बैठकमा जानकारीको लागि प्रस्तुत गरियो।

| शिर्षक | पुजीगत बजेट (रु हजारमा) | चालु बजेट (रु हजारमा) | कुल बजेट (रु हजारमा) |
|---|---|---|---|
| **कुल बजेट** | | | |
| **निशर्त** | | | |
| समानीकरण (संघ) | १७६०००\|०० | ० | १७६०००\|०० |
| राजस्व बाडफांड (संघ) | १२८१००\|०० | २६५००\|०० | १५४६००\|०० |
| समानीकरण (प्रदेश) | ५१५८\|०० | ० | ५१५८\|०० |
| राजस्व बाडफांड (प्रदेश) | २१०८\|०० | १०८७३\|०० | १२९८१\|०० |
| आन्तरिक आय | | ४१०००\|०० | ४१०००\|०० |
| जि.स.स.वाट प्राप्त | ३१५००\|०० | ० | ३१५००\|०० |
| अल्या (संचित कोष) | ५००००\|०० | ० | ५००००\|०० |
| **निशर्तको जम्मा** | ३९२८६६\|०० | ७८३७३\|०० | ४७१२३९\|०० |

अविनाश पाध्या
प्रमुख प्रशासकिय अधिकृत
(उपसचिव)

२०७६।०३।०९

Scanned by CamScanner

| | | | |
|---|---|---|---|
| शशर्त (संघ) | ० | २७५९००।०० | २७५९००।०० |
| शशर्त (प्रदेश) | ० | ११०००।०० | ११०००।०० |
| सामाजिक सुरक्षा | ० | १०००००।०० | १०००००।०० |
| बहुक्षेत्रीय पोषण योजना | ० | २०००।०० | २०००।०० |
| प्रधानमन्त्री रोजगार कार्यक्रम | ० | ६५००।०० | ६५००।०० |
| **शशर्तको जम्मा** | ० | ३९५४००।०० | ३९५४००।०० |
| **कुल जम्मा** | ३९२८६६।०० | ४७३७७३।०० | ८६६६३९।०० |

प्रस्ताव नं. ५. कृषि हाटबजार/ कवाडी कर/ क्रेशर उधोग/ बालुवा प्रशोधन उधोग र विज्ञापन कर को न्यूनतम अंक र सूचना प्रकाशन गर्ने सम्वन्धमा ।

निर्णय यस नगरपालिकाबाट गतविगतमा लगाउदैआई रहेको कृषि हाटबजार ठेक्का, कवाडी कर, क्रशर निकासी, बालुवा प्रशोधन निकासी ठेक्का र विज्ञापन कर आगामी आ.व. २०७६।७७ को लागि न्यूनतम अंक तपसिल बमोजिम कायम गरी १५ दिने सूचना प्रकाशित गरी कार्यान्वय गर्ने निर्णय गरियो ।

**तपशिल**

| क्र.सं. | ठेक्का शिर्षक | न्यूनतम अंक |
|---|---|---|
| १ | ईमलिया कृषि हाट बजार | गत बर्षको ठेक्का अंकमा १० प्रतिशत थप गरी ९,३९,४००।०० न्यूनतम अंक कायम गर्ने । |
| २ | बुड्ढी कृषि हाट बजार | गत बर्षको ठेक्का अंकमा १० प्रतिशत थप गरी १,६९,४००।०० न्यूनतम अंक कायम गर्ने । |
| ३ | गोरुसिंघे कृषि हाट बजार | गत बर्षको ठेक्का अंकमा १० प्रतिशत थप गरी ४,९९,४००।०० न्यूनतम अंक कायम गर्ने । |
| ४ | कवाडी कर | न्यूनतम मूल्य २,५४,०००।०० |
| ५ | विज्ञापन कर | न्यूनतम मूल्य १,५०,०००।०० |
| ६ | लुम्वीनी प्रशोधन उद्योग निकासी | न्युनतम मूल्य रु. २,२५,८३०।०० |
| ७ | चेत्रादेही वालुवा वासिंग प्रशोधन केन्द्र निकासी | न्युनतम मूल्य रु. ११३६००।०० |
| ८ | सत्यदेवा क्रेशर उद्योग तथा प्रशोधन केन्द्र निकासी | न्युनतम मूल्य रु. १३,२५,५००।०० |

प्रस्ताव नं ६. गुडरुंग खोला, घोगवा खोला र कुचिया खोलाको IEE गर्ने सम्वन्धमा ।

निर्णय यस नगरपालिका अन्तर्गत रहेका तपसिलका नदीहरूको IEE (वातावरणीय प्रभाव प्रतिवेदन) नभएकोले नदीजन्य पदार्थहरूको ठेक्का लगाउन असुविधा परेको हुँदा उक्त नदीहरूको आवश्यक प्रक्रिया पु-याई IEE गराउने निर्णय गरियो ।

१) वडा नं. १ वीरपुर, चंघाट, रनगाई नाका गुडरूङ खोला

२) वडा नं. ३ घोघवा, कुचिया खोला

Scanned by CamScanner

प्रस्ताव नं ७. जस्तापाता वितरण सम्वन्धमा।

निर्णय: यस नगरपालिकाबाट खरिद भई आएको जस्ता पाता प्राविधिक ल.ई बमोजिमको गुणस्तर नभएको भन्ने बुझिए बाट जस्ता पाता वितरण गर्न समस्या देखिए बाट सो सम्बन्धमा जस्ता पाता सप्लार्यसको जिम्मा पाएको ठेकेदारलाई बास्ताविकता के हो ? भनी कार्यालयबाट पत्राचार भई रहेकोले सो को जवाफ नआउँदा सम्मको लागि वितरण कार्य स्थगन गर्ने निर्णय गरियो।

प्रस्ताव नं. ८. खानेपानी सम्बन्धमा।

निर्णयः यस नगरपालिकाको विभिन्न स्थानबाट खानेपानीको लागि हेण्डपाइप माग भई आई रहने हुँदा खानेपानी तथा सरसफाई कार्यक्रम अन्तर्गतको शीर्षक नं. ३ बाट रू. ३,००,०००।- (अक्षरेपी तीन लाख मात्र) को सामाग्री खरिद गर्ने निर्णय गरियो।

प्रस्ताव नं. ९. पाँचौ नगर सभा सम्बन्धमा।

निर्णयः यस नगरपालिकाको आ.व. २०७६।७७ को नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गर्नको लागि मिति २०७६ आषाढ ८ गते आइतबारका दिन वडा नं. २ अवस्थित मायाज होटलमा दिनको १:३० बजे पाँचौ नगर सभाको बैठक बस्ने निर्णय गरियो।

प्रस्ताव नं. १०. बुद्धभूमी नगरपालिकाको आर्थिक ऐन २०७६ सम्बन्धमा।

निर्णयः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम बुद्धभूमी नगरपालिकाको आर्थिक ऐन २०७६ विद्येयक समितिबाट प्रस्तुत भई छलफल हुँदा उक्त आर्थिक ऐन २०७६ कार्यपालिका बैठकबाट पारित गरी आगामी २०७६।०३।०८ गते बस्ने नगरसभामा अनुमोदनको लागि पेश गर्ने निर्णय गरियो।

प्रस्ताव नं. ११. प्रदेश स्तरीय कृषि कार्यक्रम संशोधन सम्बन्धमा।

निर्णयः भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत योजना तथा अनुगमन महाशाखा र बुद्धभूमी नगरपालिकाबीचको सम्झौता गरी आ.व. २०७५।७६ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार तरकारी उत्पादनको लागि टनेल निर्माण र स्यालो ट्यूबेल जडान कार्यक्रमको लागि ५ नं. प्रदेश बाट रू. १५,००,०००।- र न.पा. को रू. ३,००,०००।- र जनश्रमदान १,८०,०००।- को लागत सहभागितामा कार्यक्रम सम्झौता गरी सञ्चालन गर्दा तरकारी उत्पादनको लागि टनेल निर्माण सम्पन्न भएको र स्यालो ट्यूबेल जडान असफल भएको हुँदा घोराही नालामा बाँध मर्मत सम्भार गरी निर्माण कार्य गरिएको हुँदा सोही बमोजिम कार्यक्रम संशोधन गरी सञ्चालन गरिएको कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो।

प्रस्ताव नं. १२. योजनाहरूको सम्झौता र भुक्तानी म्याद सम्बन्धमा।

निर्णयः आ.व. २०७५।७६ को स्वीकृति कार्यक्रम र योजनाहरूको सम्झौता गर्न बाँकी रहेकाको हकमा २०७६ असार ५ गते सम्म सम्झौताको म्याद थप गर्न र अन्य सम्झौता भई काम सम्पन्न नभएका र काम सम्पन्न गरी भुक्तानी लिन बाँकी रहेका योजनाहरूको २०७६ असार २० गते सम्म भुक्तानी दिने म्याद थप गर्ने निर्णय गरियो।

प्रस्ताव नं. १३. विविध सम्बन्धमा।

क) जयबुद्ध बहुउद्देश्यीय सहकारी संस्था लि. गोरूसिंगे, कपिलवस्तुको आयोजनामा रक्तदान कार्यक्रम सम्पन्न गरी उक्त रक्तदान कार्यक्रममा खर्च भएको रकम मध्ये यस नगरपालिकाबाट रक्तदान सहयोग शिर्षकबाट रू. ५०,०००।- पचास हजार मात्र उक्त संस्थालाई उपलब्ध गराउने निर्णय गरियो।

२०७६।०३।०१

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

Scanned by CamScanner

ख) यस नगरपालिका वडा नं. ६ महुवामा कार्यरत वडा सचिव श्री फुलचन्द्र प्रसाद बराई मोटर साइकल दुर्घटनामा परी शक्त घाइते भई औषधी उपचार भईरहेको हुँदा उहाँको शिघ्र स्वास्थ्य लाभको कामना गर्दै निजलाई औषधी उपचार शिर्षकबाट रू. २५०००।- (अक्षेरेपी पच्चास हजार) मात्र सहयोग गर्ने निर्णय गरियो ।

ग) वडा नं. ७ मानपुर, सेखुवानिया बस्ने पंचगुलाम गुप्ताको मिति २०७६।२।१९ गते आएको हावाहुरीबाट टिनको छानाले बनाएको घर, चिया पसल क्षति पु-याएको हुँदा वडा कार्यालयको सिफारिस समेत प्राप्त भएकोले निजलाई विपद् व्यवस्थापन शिर्षकबाट रू. १०,०००।- (दश हजार) मात्र दिने निर्णय गरियो ।

घ) वडा नं. ३ टाँकू बस्ने लाही थारूको मिति २०७६।०२।१९ गतेको हावाहुरीले घरको छानो उडाएर नोक्सानी पु-याएको वडा कार्यालयको सिफारिस समेत रहेकोले विपद् व्यवस्थापन शिर्षकबाट रू. ५०००।- ( पाँच हजार) मात्र सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

ङ) वडा नं. १ बीरपुर वस्ने अमृत पौडेल सन् २०१९ जुलाई ७ देखि १२ सम्म मलेसिया स्थित क्वालालाम्पुरमा क्रिकेट खेल खेल्नका लागि छनौट भएकोले निजलाई आर्थिक सहयोग शिर्षकबाट रू. १५,०००।- (पन्ध्र हजार) मात्र उपलब्ध गराउने निर्णय गरियो ।

च) भूमि सुधार तथा मालपोत कार्यालय कपिलवस्तुको प्राप्त पत्र च.नं. ७६८२ मिति २०७६।०२।१९ अनुसार आ.व. २०७६।०७७ को लागि जग्गाको रजिष्ट्रेशन पारित गर्ने प्रयोजनार्थ यस बुद्धभूमी नगरपालिकाको जग्गाको न्यूनतम मूल्यांकन साविक (२०७५/०७६) अनुसार कायम हुने गरी मालपोत कार्यालय कपिलवस्तुलाई जानकारी दिने निर्णय गरियो ।

छ) ओम कन्ट्रक्सन कम्पनी, कपिलवस्तु, तौलिहवाको मिति २०७६।२।२९ गतेको पत्रानुसार निज कम्पनीले ठेक्कामा लिएको पुरैना धनचौरा, भुतैया हुँदै गोरखपुरे डाँडा सडक कलो पत्रे निर्माणको क्रममा बाटोको विषयमा विवाद परेको कारण काम अवरूद्ध भएको भनी निवेदन पेश भएको सम्बन्धमा छलफल हुँदा उक्त बाटोको विषयमा सत्य तथ्य बुझी समस्याको समाधान गर्न बुद्धभूमी नगरपालिका २ नं. वडाका वडा अध्यक्ष श्री भेषराज शर्मा ज्यूलाई जिम्मेवारी दिने निर्णय गरियो ।

२०७६।०३।०१

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

Scanned by CamScanner